# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-४० २०६४ वैशाख अङ्क :-१०


## शिक्षण अस्पतालमा मुटुसम्बन्धी अध्ययन अध्यापन केन्द्र स्थापना



**नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल शिक्षण अस्पतालको हातामा निर्मित मनमोहन कार्डियो थोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट केन्द्र भवनको उद्घाटन गर्नुहुँदै ।** *(तस्वीरः त्रि.वि. सूचना शाखा)*

काठमाडौं । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको हातामा निर्मित मनमोहन कार्डियो थोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट केन्द्र भवनको नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले वैशाख १२ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

मित्रराष्ट्र जापानको सहयोगमा सन् १९८३ मा स्थापित त्रिवि शिक्षण अस्पताल विस्तारको क्रममा लगभग ११ करोड रुपियाँको लागतमा निर्माण गरिएको यो केन्द्र भवनमा मुटुरोगसम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान कार्यहरू संचालन गरिने छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै माओवादी पार्टीका अध्यक्ष प्रचण्डले २०६४ चैत २८ गते सम्पन्न नेपालको ऐतिहासिक संविधानसभा निर्वाचनपछि सार्वजनिक सभामा आफूले भाग लिएको यो नै पहिलो भएको बताउँदै यसलाई नयाँ नेपाल निर्माणको शुरुआतको संकेतको रूपमा आफूले लिएको जानकारी दिनुभयो ।

संविधानसभा निर्वाचनमा सबैभन्दा ठूलो दलको रूपमा स्थापना भएको नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले सम्पूर्ण नेपालीलाई सुलभ ढंगले स्तरीय स्वास्थ्य सेवा पुऱ्याउन नसकेमा नयाँ नेपाल निर्माणको सपना कहिल्यै पूरा हुन नसक्ने बताउँदै नयाँ बन्ने संविधानमा स्वास्थ्यसेवालाई जनताको अधिकारको रूपमा राख्नुपर्ने मान्यतालाई आफ्नो पार्टीले यथार्थको धरातलमा उतार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले शिक्षा, स्वास्थ्य र रोजगारी

**(बांकी अन्तिम पृष्ठमा)**

# कर्मचारी संघको वार्षिकोत्सव समारोह सम्पन्न



**त्रिवि कर्मचारी संघको वार्षिकोत्सव समारोहमा सहभागीहरू ।**
*(तस्वीरः त्रि.वि. सूचना शाखा)*

काठमाडौं । त्रिभुवन विश्वविद्यालय कर्मचारी संघको १८ औं वार्षिक दिवस वैशाख १३ गते कीर्तिपुरमा एक समारोहको आयोजना गरी मनाइयो ।

समारोहमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले प्रमुख अतिथिको आसनबाट बोल्दै पेशागत संघसंस्थाले वर्गीय हक, हितसँगसँगै आबद्ध संस्थाको विकासका लागि पनि सचेत भई काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा रजिस्ट्रार डा. भीमराज अधिकारीले त्रिविमा सेवारत कर्मचारीहरूलाई उनीहरूले पाएको जिम्मेवारीलाई अझ बढी इमान्दारीपूर्वक निर्वाह गर्न आव्हान गर्दै कर्मचारीको दक्षता र वृत्ति विकासका लागि तालिम, प्रशिक्षण, गोष्ठी आदिको व्यवस्थालाई निरन्तरता दिन आफू सकारात्मक रहेको जानकारी दिनुभयो ।

त्रिवि सेवा आयोगका सदस्य प्रा.डा. पेसल दाहालले कर्मचारीको पदोन्नति र स्थायी गर्ने प्रक्रियालाई सेवा आयोगले प्राथमिकताका साथ अगाडि बढाइरहेको जानकारी दिँदै आयोगले निष्पक्ष र स्वतन्त्ररूपमा काम गर्ने भएकाले नियुक्ति, बढुवा, पदोन्नतिको काममा कसैप्रति पनि काखापाखा नहुने बताउनुभयो ।

समारोहमा संघका केन्द्रीय अध्यक्ष शम्भु भट्टराईले संघले राखेको १३ सूत्रीय माग क्रमशः पूरा गर्ने वचन त्रिविका पदाधिकारीहरूले दिनुभएको बताउँदै त्यसमध्ये केही माग पूरा हुने क्रममा रहेको जानकारी दिनुभयो ।

कर्मचारी संघ केन्द्रीय समितिद्वारा संघको वार्षिकोत्सवको पूर्व सन्ध्यामा आयोजित सो समारोहमा संघका उपाध्यक्ष द्वारिका वास्कोटाले स्वागत मन्तव्य दिनुभएको थियो भने संघका सचिव भुपालमान कर्माचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा संघको केन्द्रीय कार्यालय एकाइ समितिका सभापति अरुण बल्लभ, संघका पूर्व केन्द्रीय अध्यक्ष एवं समन्वय महाशाखाका प्रमुख भोला ढकाल, नेपाल राष्ट्रिय कर्मचारी संगठन त्रिवि केन्द्रीय समितिका अध्यक्ष शान्तिराज कायस्थ, त्रिवि प्रगतिशील कर्मचारी संगठनका अध्यक्ष कुवेर केसी र त्रिवि प्रजातान्त्रिक कर्मचारी समूहका सभापति भोजराज राउतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

# विभिन्न पदहरूमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदहरूमा निम्नअनुसार नियुक्त गरेको छ :

| नाम | पद | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| प्रा.डा. नवराज कंडेल | डीन | मानविकी तथा सा.शास्त्र संकाय,कीर्तिपुर | २०६५।१।१५ |
| श्री शकुन्तला उप्रेती | सहायक डीन | कानून संकाय,प्रदर्शनीमार्ग | २०६५।१।१५ |
| डा. गंगाप्रसाद खरेल | स.डीन/क्या.प्र. | केन्द्रीय प्रविधि क्याम्पस,धरान | २०६४।१२।१२ |
| डा. गणेशप्रसाद खराल | क्याम्पस प्रमुख | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०६५।१।१२ |
| श्री जसबहादुर लुङ्गेली | ,, | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | २०६५।१।१२ |
| श्री अर्जुन बस्नेत | ,, | डडेलधुरा क्याम्पस,डडेलधुरा | २०६५।१।१५ |

# 'रेमिट्यान्स' को भूमिकाबारे गोष्ठी आयोजना

काठमाडौं। त्रिभुवन विश्वविद्यालय आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा) र नेपालस्थित नर्वेली राजदूतावासद्वारा संयुक्तरूपमा स्थापित अन्तरराष्ट्रिय आर्थिक समाज नेपाल (आईईएसओएन)ले नेपालको अर्थतन्त्रमा रेमिट्यान्स (प्रेषित धन)को भूमिका विषयक एकदिने गोष्ठी वैशाख २३ गते आयोजना गरेको छ।

गोष्ठीको उद्घाटन सत्रलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै राष्ट्रिय योजना आयोगका सदस्य डा. गर्नसक्नु पर्छ भन्नुभयो ।

त्रिविका रजिस्ट्रार डा. भीमराज अधिकारीले सन् १८१४ मा भारतको इस्ट इन्डिया कम्पनीमा र बेलायती फौजमा नेपाली युवाहरूले काम गर्न थालेदेखि वैदेशिक रोजगारी शुरू भएको बताउँदै अब काम गर्ने देश बढ्नुका साथै काम गर्न जाने युवाहरूको संख्या पनि अत्यधिकरूपमा बढेर लाखौं पुगेको छ भन्नुभयो ।

सेडाका कार्यकारी निर्देशक तथा गोष्ठी आयोजक संस्थाका संयोजक डा.



**सेडाद्वारा आयोजित रेमिट्यान्ससम्बन्धी गोष्ठीका सहभागीहरू ।**
*(तस्वीरः त्रि.वि. सूचना शाखा)*

पोषराज पाण्डेले नेपालको कुल गार्हस्थ उत्पादनमा लगभग १५ प्रतिशत योगदान वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स(प्रेषित धन) को रहेकाले नेपालको समग्र आर्थिक विकासमा यसको महत्त्वपूर्ण भूमिका छ भन्नुभयो ।

मानवीय पूँजीको रूपमा रहेका जनशक्तिको परिचालनमा कमी कमजोरीले नै कुनै पनि मुलुक गरिब हुने तथ्य औंल्याउँदै उहाँले यस सन्दर्भमा नेपाली युवाहरूलाई देशका लागि आर्थिक फाइदाको नाममा विदेशमा गई काम गर्न राज्यले प्रेरित गर्न हुन्छ वा हुँदैन भन्ने कुरामा व्यापक छलफलको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा सभापतिको आसनबाट त्रिविका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले प्रेषित धन मुलुकका लागि जतिसुकै फाइदाजनक साबित भइरहेको भए तापनि हामीले सकेसम्म मुलुकको जनशक्ति मुलुकभित्रै सदुपयोग रमेश चित्रकारले कार्यक्रमबारे प्रकाश पार्दै लगभग तीन दर्जन देशमा २० लाख जति नेपालीहरू हाल काम गरिरहेको र तिनीहरूबाट मुलुकले बर्सेनि ठूलो रकम प्रेषित धनको रूपमा प्राप्त गरिरहेको सन्दर्भमा यस विषयमा मुलुकमा गहन छलफल हुनुपर्ने आवश्यकतालाई ध्यानमा राखी गोष्ठी आयोजना गरिएको बताउनुभयो ।

उद्घाटन समारोहको अन्त्यमा समाजका सदस्य शान्तिराम शर्माले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

त्रिविका सम्बन्धित विषयका शिक्षक, सरकारी अधिकारी तथा वैदेशिक रोजगारीसम्बन्धी निजी क्षेत्रका विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको सो गोष्ठीको दोस्रो सत्रमा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य प्रा.डा. विजया श्रेष्ठ र श्रम तथा यातायात व्यवस्था मन्त्रालयका प्रज्ज्वल अर्यालले बेग्लाबेग्लै दुईवटा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

# उपकुलपति स्वदेश फिर्ता

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा अन्तरराष्ट्रिय विकाससम्बन्धी अमेरिकी एजेन्सी(यूएसएड) र कोर्नेल विश्वविद्यालयको निमन्त्रणामा अमेरिकाको ८ दिने भ्रमण समाप्त गरी वैशाख २६ गते स्वदेश फर्किनुभयो ।

भ्रमणको क्रममा उहाँले वैशाख १७ देखि वासिंगटन डीसीमा भएको भूमण्डल विकासका लागि उच्चशिक्षा विषयक २ दिने सम्मेलनमा भाग लिनुभएको थियो। विश्वव्यापी सामाजिक र आर्थिक विकासमा अमेरिकी र विश्वका उच्चशिक्षासम्बन्धी संस्थाहरूको भूमिकालाई सबल पार्ने उद्देश्य रहेको सो सम्मेलनमा अमेरिकाका एक सयभन्दा बढी विश्वविद्यालय र कलेजका प्रतिनिधिका साथै विश्वका विभिन्न ९० वटा विश्वविद्यालयका अधिकारीहरूको सहभागिता रहेको थियो ।

उपकुलपति प्रा.डा. शर्माले वैशाख २१ देखि २४ गतेसम्म कोर्नेल विश्वविद्यालयको पनि भ्रमण गर्नुभएको थियो। संयुक्त राज्य अमेरिकाको भ्रमणका लागि उहाँ वैशाख १५ गते काठमाडौंबाट त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन वेबसाइटमा उपलब्ध छ :

WWW.tribhuvan-university.edu.np

## अनुरोध

मासिक प्रकाशन त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षकको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री लीलाप्रसाद राजभण्डारी | सानोठिमी क्याम्पस,सानोठिमी | सह प्राध्यापक | २०६५।१।५ |
| श्री विनोदकुमार श्रीवास्तव | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सह प्राध्यापक | २०६५।१।१० |
| श्री केशवलाल श्रेष्ठ | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | सह प्राध्यापक | २०६५।१।१० |
| श्री सुलोचना थापा | मानवशास्त्र,समाजशास्त्र के.विभाग,कीर्तिपुर | सहायक प्रशासक | २०६५।१।१० |
| श्री वालचन्द्रनन्द वज्राचार्य | पाटन संयुक्त क्याम्पस,पाटनढोका | सह प्राध्यापक | २०६५।१।१२ |
| श्री विश्वराज सिंह | राजनितिशास्त्र के.विभाग,कीर्तिपुर | सह प्राध्यापक | २०६५।१।१९ |
| डा. श्यामकान्त सिलवाल | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | प्राध्यापक | २०६५।१।१९ |
| श्री ध्रुवलाल श्रेष्ठ | पाठ्क्रम विकास केन्द्र,कीर्तिपुर | सह प्राध्यापक | २०६५।१।२९ |

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ ।

| _राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| प्रा.डा. रमेशराज कुंवर | डीन | मानविकी तथा सा.शा.संकाय,कीर्तिपुर | २०६५।१।१५ |
| श्री भूपति ढकाल **कमल** | प्राध्यापक | पृथ्वीनारायण ब.क्याम्पस,पोखरा | २०६५।१।१९ |
| डा. प्रमोदबहादुर श्रेष्ठ | प्राध्यापक | पुल्चोक क्याम्पस,पुल्चोक | २०६३।१।१ |
| श्री शशि भट्टराई | उप प्राध्यापक | रामस्वरुप रा.ब.क्याम्पस,जनकपुर | २०६२।१०।२ |

# सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसका सहायक क्याम्पस प्रमुख पदमा निम्नअनुसार नियुक्त गरेको छ :

| नियुक्त हुनेको नाम | क्याम्पस | नियुक्ति लागु मिति |
|---|---|---|
| श्री आनन्दराज सिलवाल | महेन्द्र बहुमुखी क्याम्पस,वागलुङ | २०६४।१२।२५ पुनः |
| श्रीमती उषा सिंह | बुटवल बहुमुखी क्याम्पस,बुटवल | २०६५।१।१ |
| श्री ललितकुमार यादव | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस,राजविराज | २०६५।१।१ |
| श्री गंगाराम पौडेल | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | २०६५।१।२० |
| श्री वासुदेव पोखेल | जुम्ला बहुमुखी क्याम्पस,जुम्ला | २०६५।१।२० |
| श्री दिपेन्द्रबहादुर पाल | डडेलधुरा क्याम्पस,डडेलधुरा | २०६५।१।३० |

# उपप्राध्यापकमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई उपप्राध्यापक पदमा नियुक्त गरेको छ :

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| श्री नन्दलाल अधिकारी | रसायनशास्त्र | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६४।१०।२३ |
| श्री शशिचन्द्र पण्डित | समाजशास्त्र/ मानवशास्त्र | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६४।११।३ |
| श्री डिल्लीराम प्रसाई | ,, | स्नातकोत्तर क्याम्पस,विराटनगर | ,, |
| श्री कुमार घिमिरे | ,, | ,, | ,, |
| श्री भवानी पोखरेल | ,, | ,, | ,, |
| श्री रामहरी भण्डारी | संस्कृति | मेची बहुमुखी क्याम्पस,भद्रपुर | २०६४।११।१ |
| श्री केशवप्रसाद अधिकारी | ,, | ,, | ,, |
| श्रीमती गंगा लक्ष्मी लिगल | ,, | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | ,, |
| श्री मखना पुन कायस्थ | ,, | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | ,, |
| श्री केशवप्रसाद अधिकारी | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री सञ्जय कोईराला | ,, | ,, | ,, |
| श्रीमती भीमा ओझा भट्टराई | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री मुकुन्दराज पथिक वाग्ले | नेपाली | विश्वभाषा क्याम्पस,प्रदर्शनीमार्ग | ,, |
| श्री दुर्गाबहादुर घर्ती | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| श्री गोपालप्रसाद गैरे नेपाली | ,, | ,, | ,, |
| श्री कर्णाखर खतिवडा | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री देवहरि गौतम | ,, | सुर्खेत क्याम्पस,सुर्खेत | ,, |
| श्रीमती विन्दु पौडेल | ,, | पृथ्वीनारायण ब.क्याम्पस,पोखरा | ,, |
| श्री भगवानचन्द्र उपाध्याय | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | ,, |
| श्री रामहरि शर्मा लम्साल | ,, | सरस्वती बहुमुखी क्याम्पस,लेखनागमार्ग | ,, |
| श्री यदुप्रसाद अधिकारी | ,, | गोरखा क्याम्पस,गोरखा | ,, |
| श्री शोभाकुमारी ढुंगाना | ,, | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | ,, |
| श्री महानन्द जोशी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगंज | ,, |
| श्रीमती शोभा बराल | ,, | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | ,, |
| श्री सविता शर्मा (अधिकारी) | ,, | ,, | ,, |
| श्री माधवप्रसाद रेग्मी | ,, | भोजपुर बहुमुखी क्याम्पस,भोजपुर | ,, |
| श्री शेषकान्त रिजाल | ,, | महेन्द्र बहुमुखी क्याम्पस,बाग्लुङ्ग | ,, |
| श्रीमती चन्द्राकुमारी भारती | ,, | सुर्खेत क्याम्पस,सुर्खेत | ,, |
| श्री चन्द्रमणी अधिकारी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,धरान | ,, |
| श्री बोधराज भुर्तेल | ,, | हेटौंडा क्याम्पस,हेटौंडा | ,, |
| श्री तुलसीप्रसाद गौतम | ,, | ,, | ,, |
| श्री इन्द्रकुमारी देवकोटा | नेपाली शिक्षा | गोरखा क्याम्पस,गोरखा | ,, |
| श्री दयानिधि घिमिरे | ,, | ,, | ,, |
| श्री बुद्धराज खनिया | ,, | डडेलधुरा क्याम्पस,डडेलधुरा | ,, |
| श्री गंगाबहादुर के.सी.खड्का | ,, | सुर्खेत क्याम्पस,सुर्खेत | ,, |
| श्री विनोद सापकोटो | अंग्रेजी | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | २०६४।१२।१ |
| श्री सुनिलकुमार मिश्र | ,, | थापाथली क्याम्पस,थापाथली | ,, |
| श्री पूर्णबहादुर कंडेल | ,, | सुर्खेत क्याम्पस,सुर्खेत | ,, |
| श्री पवन बराल | ,, | गोरखा क्याम्पस,गोरखा | ,, |
| श्री दिनेशकुमार पौडेल | ,, | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | ,, |
| श्री राजु चित्रकार | ,, | सुर्खेत क्याम्पस,सुर्खेत | ,, |
| श्री तोयनाथ उपाध्याय | ,, | महेन्द्र बहुमुखी क्याम्पस,बाग्लुङ्ग | ,, |
| श्री निर्मलबहादुर थापा | ,, | ,, | ,, |
| श्री प्रदिप शर्मा | ,, | ,, | ,, |
| श्री विदुर राई | ,, | महेन्द्र बहुमुखी क्याम्पस,धरान | ,, |
| श्रीमती इन्दीरा मिश्र, आचार्य | ,, | ,, | ,, |
| श्री मोहनकुमार तुम्बाहाङ्ग | ,, | ,, | ,, |

| | | | |
|---|---|---|---|
| श्री झोकेन्द्र थापा | अंग्रेजी | महेन्द्र बहुमुखी क्याम्पस,बाग्लुङ्ग | २०६४।१२।१ |
| श्री विजयप्रसाद आचार्य | " | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्री दिलीपकुमार नकर्मी | अंग्रेजी शिक्षा | महेन्द्ररत्न क्याम्पस,ताहाचल | " |
| श्री लालबहादुर देवान | शिक्षा | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | " |
| श्री जीवनाथ तिम्सीना | " | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | " |
| श्री दिपेन्द्रबहादुर पाल | " | डडेलधुरा क्याम्पस,डडेलधुरा | " |
| श्री टंकप्रसाद आचार्य | " | सुर्खेत क्याम्पस,सुर्खेत | " |
| श्री बालचन्द्र कट्टेल | " | " | " |
| श्री केशवसिंह धामी | " | गोरखा क्याम्पस,गोरखा | " |
| श्री त्रिलोचन घिमिरे | " | " | " |
| श्री वसन्तराज भण्डारी | " | सुर्खेत क्याम्पस,सुर्खेत | " |
| श्री नारायणप्रसाद अधिकारी | " | " | " |
| डा. सुसन आचार्य | " | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | " |
| श्री ध्रुवराज खनाल | " | पृथ्वीनारायण ब.क्याम्पस,पोखरा | " |
| श्री सुर्य सिग्देल | " | जुम्ला बहुमुखी क्याम्पस,जुम्ला | " |
| श्री होमबहादुर बस्नेत | " | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्री विन्दालाल साह | " | " | " |
| श्री गणेशप्रसाद खनाल | " | " | " |
| श्री रामलाल तामाङ्ग | " | महेन्द्ररत्न क्याम्पस,ताहाचल | " |
| श्रीमती तारा ढकाल | " | महेन्द्ररत्न क्याम्पस,ताहाचल | " |
| श्री अर्जुनकुमार बस्नेत | गणितशिक्षा | डडेलधुरा क्याम्पस,डडेलधुरा | २०६४।११।१ |
| श्री गौरीप्रसाद पोखरेल | " | गोरखा क्याम्पस,गोरखा | " |
| श्री रामचन्द्र घिमिरे | " | " | " |
| श्री चन्द्रदेव पाठक | गणित | रामस्वरुप रा.ब.क्याम्पस,जनकपुर | २०६४।१०।२५ |
| श्री सत्यनारायण साह | " | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | " |
| श्री लोकबहादुर द्वारिका | जनसंख्या शिक्षा | डडेलधुरा क्याम्पस,डडेलधुरा | २०६४।११।१ |
| श्री पिताम्वर आचार्य | " | सुर्खेत क्याम्पस,सुर्खेत | " |
| श्री ओमबहादुर श्रेष्ठ | , , | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्री हिक्मतबहादुर राया | जनसंख्या अध्ययन | तेर्‍हथुम क्याम्पस,तेर्‍हथुम | २०६४।११।१ |
| श्री मदनगोपाल श्रेष्ठ | " | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | " |
| श्रीमती सवित्रा पन्त | " | " | " |
| श्री रामहृदय मण्डल | " | रामस्वरुप रा. ब.क्याम्पस,जनकपुर | " |
| श्री सन्तनु पोखरेल | " | " | " |
| श्री मित्रलाल श्रेष्ठ | स्वास्थ्य शारीरिक शिक्षा | गोरखा क्याम्पस,गोरखा | २०६४।१२।१ |
| श्री यमबहादुर कार्की | " | सुर्खेत क्याम्पस,सुर्खेत | " |
| श्री भट्ट महेशदत्त तारादत्त | " | " | " |
| श्री यमप्रसाद शर्मा | " | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | " |
| श्री पशुपति अधिकारी | " | बुटवल बहुमुखी क्याम्पस,बुटवल | " |
| श्री ईश्वरप्रसाद न्यौपाने | " | सानोठिमी क्याम्पस,सानोठिमी | " |
| श्री विष्णुमणी काफ्ले | स्वास्थ्य शारीरिक | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | " |
| श्री टीकाराम गौतम | समाजशास्त्र/ मानवशास्त्र | महेन्द्र बहुमुखी क्याम्पस,वाग्लुङ्ग | २०६४।११।३ |
| श्री रजनी दाहाल थापा | " | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | " |
| श्री चिरञ्जिवी आचार्य | " | " | " |
| श्री अमिता तुलाधर | " | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | " |
| श्री पुरुषोत्तमबहादुर प्रधान | " | " | " |
| श्री देवा सापकोटा धिताल | " | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | " |
| श्री रमेश सिग्देल | " | महाराजगजं क्याम्पस,महाराजगंज | " |
| श्री सावित्रा वस्नेत पोखरेल | " | मेची बहुमुखी क्याम्पस,भद्रपुर | " |
| श्री चन्द्रकान्त ज्ञवाली | " | पाटन संयुक्त क्याम्पस,पाटनढोका | " |
| श्री तारा राई | " | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | " |
| श्रीमती ज्योती उपाध्याय | इतिहास | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | २०६४।११।२ |
| श्री डम्वर परियार | " | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | " |
| श्री विष्णुप्रसाद खनाल | " | सुर्खेत क्याम्पस,सुर्खेत | " |

| | | | |
|---|---|---|---|
| श्री रमेश भुर्तेल | इतिहास | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | २०६४।११।२ |
| श्री भीमबहादुर बस्नेत | ,, | ,, | ,, |
| श्री प्रभा ढकाल (बास्तोला) | ,, | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | ,, |
| श्री जनक महतो कहार | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | २०६४।११।२ |
| श्रीमती लक्ष्मी श्रेष्ठ | ,, | महेन्द्र बहुमुखी क्याम्पस,धरान | ,, |
| श्री ढकबहादुर मगर | ,, | भोजपुर बहुमुखी क्याम्पस,भोजपुर | ,, |
| श्री दिपक रेग्मी | अर्थशास्त्र | गोरखा क्याम्पस,गोरखा | २०६४।११।२ |
| श्रीमती पद्मतारा तुलाधर स्थापित | ,, | पब्लिकयुथ क्याम्पस,धौबिचौर | ,, |
| श्री जिबछ यादव | ,, | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,सिरहा | ,, |
| श्री रामबहादुर थापा | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री रामप्रसाद ज्ञवाली | ,, | सुर्खेत क्याम्पस,सुर्खेत | ,, |
| श्री नन्दकुमार न्यौपाने | ,, | ,, | ,, |
| श्री महेन्द्र आले | ,, | महेन्द्र बहुमुखी क्याम्पस,बाग्लुङ्ग | ,, |
| श्री हरिराज प्रसाद | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | ,, |
| श्री विणा यादव | ,, | रामस्वरुप रामसागर ब.क्याम्पस,जनकपुर | ,, |
| श्री अर्जुनकुमार दाहाल | ,, | भोजपुर बहुमुखी क्याम्पस,भोजपुर | ,, |
| श्री अर्जुनविक्रम खड्का | ,, | ,, | ,, |
| श्री पुष्पा शर्मा | भूगोल | भूगोल केन्द्रीय विभाग,कीर्तिपुर | २०६४।११।१ |
| श्री बाबुराम दाहाल | ,, | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, |
| श्रीमती चन्द्रकेशरी श्रेष्ठ | ,, | महेन्द्ररत्न क्याम्पस,ताहाचल | ,, |
| श्री दामोदर भण्डारी | ,, | भोजपुर बहुमुखी क्याम्पस,भोजपुर | ,, |
| श्री रुद्रप्रसाद पोखरेल | ,, | ,, | ,, |
| श्री टेकराज पनेरु | ,, | डोटी बहुमुखी क्याम्पस,डोटी | ,, |
| श्री डम्बरी योञ्जन | ,, | महेन्द्र बहुमुखी क्याम्पस,धरान | ,, |
| श्री मोहनप्रसाद उपाध्याय | ,, | ,, | ,, |
| श्री केदारराज पुडासैनी | भूगोल शिक्षा | महेन्द्ररत्न क्याम्पस,ताहाचल | ,, |
| श्री उपेन्द्रप्रसाद आचार्य | ,, | महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम | ,, |
| श्री विकासकुमार श्रेष्ठ | ,, | गोरखा क्याम्पस,गोरखा | ,, |
| श्री सुनिता श्रेष्ठ | वनस्पतिशास्त्र | पोखरा क्याम्पस,पोखरा | २०६४।१०।२७ |
| श्री सञ्जयकुमार झा | ,, | मेची बहुमुखी क्याम्पस,भद्रपुर | ,, |
| श्री रामायण पाठक | ,, | हेटौडा क्याम्पस,हेटौडा | ,, |
| श्री शंकरकुमार श्रेष्ठ | तथ्याङ्कशास्त्र | गोरखा क्याम्पस,गोरखा | ,, |
| श्री दिपकबहादुर पछाई | ,, | त्रिभुवन बहुमुखी क्याम्पस,पाल्पा | ,, |
| श्री कृष्णप्रसाद आचार्य | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| श्री राजेन्द्रप्रसाद उपाध्याय | ,, | ,, | ,, |
| श्री कृष्णचन्द्र भट्टराई | ,, | ,, | ,, |
| श्री ठाकुरप्रसाद शर्मा, वाग्ले | ,, | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | ,, |
| श्री विद्यानन्द यादव | ,, | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस,राजविराज | ,, |
| श्री सुदिप गिरी | ,, | महेन्द्र बहुमुखी क्याम्पस,नेपालगञ्ज | ,, |
| श्री सुगम वज्राचार्य | ,, | पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | ,, |
| श्री सत्यनारायण चौधरी | ,, | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | ,, |
| श्री ललितरत्न शाक्य | ,, | व्यावहारिक वि. तथा प्र.अ.केन्द्र,कीर्तिपुर | ,, |
| श्री नरेन्द्रबहादुर चन्द | ,, | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | ,, |
| श्री प्रेमबहादुर सिञ्जापति | शैक्षिक योजना तथा व्यवस्थापन | सानोठिमी क्याम्पस,सानोठिमी | २०६४।१२।१ |
| श्री गेमप्रसाद गुरुङ्ग | विज्ञान शिक्षा | गोरखा क्याम्पस,गोरखा | २०६४।१२।१ |
| श्री जयनन्दन सिंह | ,, | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगंज | ,, |
| श्री चन्द्रकुमार राई | व्यवस्थापन | महेन्द्र बहुमुखी क्याम्पस,धरान | २०६४।१०।२३ |
| श्री हर्कप्रसाद सुब्बा | ,, | ,, | ,, |
| श्री विज्ञानगोविन्द श्रेष्ठ | ,, | ,, | ,, |
| श्री बलराम राई | कानुन | ,, | २०६४।१०।२५ |
| श्री दिपकराज रेग्मी | भौतिकशास्त्र | पश्चिमाञ्चल क्याम्पस,पोखरा | २०६४।१०।२७ |

**शिक्षण अस्पतालमा......**

जनताको नैसर्गिक अधिकारभित्र पर्ने भएकाले देशका राजनीतिक दलहरूबीच यसको कार्यान्वयनका लागि नयाँ सहकार्य आवश्यक रहेको धारणा राख्दै यससन्दर्भमा मुटुसम्बन्धी रोगको उपचार हुने यस केन्द्र स्थापनालाई आफूले निकै महत्त्व दिएको र अब बन्ने नयाँ सरकारको तर्फबाट यस केन्द्रलाई अघि बढाउन थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले उच्चशिक्षा भनेको कुनै देशको सिमानाभित्र मात्र सीमित नहुने र यो विश्वका लागि नै हुन्छ भन्दै उहाँले नेपालका विशेषज्ञहरू जसरी विदेशबाट पढेर आउँछन्, त्यसरी नै नेपालमा पनि विदेशीहरू पढ्न आउने वातावरण बनाउनु पर्नेमा जोड दिनुभयो ।

'यसका लागि गुणस्तरीय शिक्षाका साथै विद्यार्थीको कोटा निर्धारण आवश्यक हुन्छ' उहाँले भन्नुभयो । उहाँले त्रिविको चिकित्सा अध्ययन अध्यापनले विदेशमा समेत ख्याति कमाउन थालेको र यसमा यस क्षेत्रका जनशक्तिको ठूलो योगदान रहेको बताउनुभयो ।

शिक्षा क्षेत्र खासगरी उच्चशिक्षाबारे राष्ट्रिय सोच बन्न नसक्दा यो क्षेत्र सरकारी बजेटमा उपेक्षित अवस्थामा रहेको बताउँदै उपकुलपति प्रा.डा. शर्माले अब नयाँ नेपाल बनाउने बेलामा यसतर्फ पनि उचित ध्यान जानुपर्छ भन्नुभयो ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. विष्णु पण्डितले मुटुरोगसम्बन्धी केन्द्र त्रिविमा स्थापना भएकाले अब यससम्बन्धी रोगबाट पीडितले विदेशमा गएर उपचार गराउनुपर्ने हालको बाध्यता अन्त्य हुने विश्वास व्यक्त गर्दै मिर्गौला प्रत्यारोपण सेवा पनि नेपालमै उपलब्ध गराउन सरकारले यससम्बन्धी काम गर्न हालै उच्चस्तरीय आयोग गठन गरिसकेको जानकारी दिनुभयो ।

मनमोहन स्मृति प्रज्ञा प्रतिष्ठानका अध्यक्ष नेकपा एमालेका नेता भरतमोहन अधिकारीले समारोहलाई सम्बोधन गर्दै स्वास्थ्य सुविधा २१ औं शताब्दीमा हरेक नागरिकको मौलिक अधिकारको रूपमा कायम भइसकेकाले देशमा अब बन्ने संविधानले कुनै पनि नागरिक पैसाको अभावमा रोगको उपचारबाट वंचित हुन नपरोस् भन्ने कुरालाई प्रत्याभूत गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा चिकित्साशास्त्र अध्ययन संस्थानका डीन डा.अरुण सायमीले सभापतिको आसनबाट बोल्दै मुटुसम्बन्धी यस केन्द्रको स्थापनापछि अब यहाँ यस विषयमा स्नातकोत्तर तहको समेत अध्ययन अध्यापन शुरू गर्ने योजना रहेको बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेश खकुरेलले स्वागत मन्तव्य दिनुभएको थियो भने अस्पतालका मेट्रोन जमुना सायमीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# विद्यावारिधि उपाधि प्रदान

त्रिभुवन विश्वविद्यालयका विभिन्न संकायले निम्न महानुभावहरूलाई निम्नअनुसार विद्यावारिधि उपाधि प्रदान गरेको छ :



**रुद्रकुमार थापा:** नेपाली विषयअन्तर्गत 'नेपाली नाट्य-साहित्यमा दार्जिलिङको योगदान' शीर्षकको शोधपत्रका लागि रुद्रकुमार थापालाई विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय संकायको अनुसन्धान समितिको २०६४ फागुन १० गतेको बैठकले गरेको छ ।

२१ नोभेम्बर १९५२ मा दार्जिलिङको हरिदास हट्टा कन्भेन्टपथमा जन्मभएका थापा हाल दार्जिलिङकै घुमजोरबंगलो कलेज र नेसनल ओपन कलेजमा आंशिक शिक्षकका रूपमा कार्यरत हुनुहुन्छ ।



**जनार्दनराज शर्मा:** मानविकी तथा सामाजिकशास्त्र संकायले जनार्दनराज शर्मालाई राजनीतिशास्त्र विषयअन्तर्गत Nepal-Japan Relations: Strategic Partnership and Cooperation शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ चैत १४ गते गरेको छ ।



**फणिन्द्रप्रसाद काफ्ले:** मानविकी तथा सामाजिकशास्त्र संकायले फणिन्द्रप्रसाद काफ्लेलाई समाजशास्त्र/मानवशास्त्र विषयअन्तर्गत Socio-Cultural Attributes of Teenage Pregnancy in Kathmandu Valley शीर्षकको शोधपत्रमा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय २०६४ चैत २४ गते गरेको छ ।

ओखलढुंगा जिल्लाको मामखा-६ निवासी उहाँ बानेश्वरस्थित नोवल एकेडेमीमा आंशिक शिक्षकको रूपमा कार्यरत हुनुहुन्छ ।


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| Website | : | www.tribhuvan-university.edu.np |
| **सम्पादक** | : | प्रेमकृष्ण चित्रकार |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |